हालैका दिनमा संचार माध्यममा माओवादी नेताहरुको अभिव्यक्ति यस प्रकार छन् ।
संकेत गरिएका बाहेक अरु भनाई माओवादी नेता प्रचण्डका हुन् :

"कम्युनिस्ट पार्टी हुनाले हाम्रो अधिकतम लक्ष्य समाजवाद, साम्यवाद हो । तर अन्तरराष्ट्रिय शक्ति सन्तुलन र देशको आर्थिक, राजनीतिक सामाजिक परिस्थितिले हामीलाई अहिले त्यो लक्ष्यमा पुग्न दिंदैन ।"
(कान्तिपुर, फेब्रुवरी ७)

"हामी संबिधानसभा र लोकतान्त्रिक गणतन्त्रकालागि साझा सेना बनाऔं भन्छौं । दल र हामी मिलेर समानान्तर सरकार बनाऔं ।"
(कान्तिपुर, फेब्रुवरी ७)

[काठमाडौं जित्ने विषयमा] : "हामी सैन्य रुपमा मात्र कुरा गर्दै छैनौं । मलाई विश्वास छ हामीले काठमाडौंलाई दुवै सैन्य र राजनीतिक रुपमा जित्नुपर्छ र सक्छौं । त्यसकारण यसबारेमा हामीले सैन्य हिसाबले मात्र सोचेका छैनौं ।"
(बि.बि.सि.संग अन्तवार्ता, फेब्रुवरी १३, तलका सबै भनाईहरु उक्त स्रोतबाट हुन् ।)

"बन्दुक समाएर नयाँ समाज बनाउन हिंडेकी एक गाउँले महिलालाई आफ्नो उत्थान भएको महसुस गर्दछिन् ।"

"ट्याक्सी ड्राइभरलाई मार्ने हामी हौं भन्ने कुरा मलाई थाहा छैन । हामी अनुसन्धान गर्दैछौं । खोज्दैछौं कसले मारेको । हामीले मारेको भन्ने कुनै प्रमाण छैन ।"

"हामीले कहाँ विद्यालय बन्द गरेका छौं ?"

"हामीले जनतालाई बलजफ्ति हाम्रो समर्थन गर भनेर वक्तव्यमा भनेको भन्ने कुरा सत्य होइन ।"

"यदि हामीले चाहेको भए धेरैजना उम्मेदवारलाई मार्न सक्थयौं । उनीहरुलाई मार्ने हाम्रो नीति नभएको हुनाले उनीहरु मारिएनन् ।"

"त्यसैले हामी सबैजनालाई कुनै पनि किसिमले - उम्मेदवारी दिने वा निर्वाचन अभियानमा भाग लिने लगायत - निर्वाचनमा भाग नलिन आग्रह गर्छौं । जसले हाम्रो अनुरोधलाई उपेक्षा गर्दछन उनीहरुलाई हामी गम्भिर भन्दा गम्भिर परिणामको लागि तयार रहन चेतावनी दिन्छौं ।"
(प्रभाकिरण, ने.क.पा. माओवादी प्रेस विज्ञप्ति, जनवरी २८, २००६)

"तर अब हाम्रो साझा निशाना निरंकुश राजतन्त्र हो । हाम्रो कार्यनीति अहिले उस्तै भएको हुनाले हामीले यो साझेदारी स्थापना गरेका हौं । तर यदि भोली राजनीतिक अन्तरविरोधको प्रकृति बदलिएको खण्डमा हाम्रो सम्बन्धको प्रकृति पनि बदलिन सक्नेछ ।"
(बाबुराम भट्टराई, माओवादी नेता, बुधवार साप्ताहिक, जनवरी १८)

"यसको माने यो होइन कि हामी १३,००० जना मरिएकामा खुशी छौं । यस बाट हामी वास्तवमा दुखी छौं ।"